MOTT MACDONALD

पूर्णिमा

UKaid from the British people

# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धमा (Invitation for Bid)

## बालुवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

पुन प्रकाशित मितिः २०७७/०५/२९

UK Aid को आर्थिक सहयोग, मट म्याकडोनाल्डको व्यवस्थापन तथा सप्रोस नेपालको प्राविधिक परिचालनमा सञ्चालित पूर्णिमा कार्यक्रमको विद्यालय निर्माण योजना अन्तर्गत श्री **शिव आधारभूत विद्यालय** मा ढुङ्गाको गारोयुक्त **२ कोठे भवन -१, ३ कोठे भवन -१, ४ कोठे भवन -१, शौचालय -१ तथा अन्य संरचनाहरु** निर्माण हुन गइरहेको छ।

यस क्रममा २०७७/०२/०७ मा *प्रथम पटक सूचना प्रकाशित भएकोमा सो सिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण प्रक्रिया खारेज गरी बालुवा खरिदका लागि पुनः सूचना प्रकाशित गरिएकोछ।*

निर्माण कार्यको लागि तपसिलमा उल्लेख बमोजिमको निर्माण सामाग्री खरिद गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका **निर्माण सामाग्री आपूर्तिकर्ताले** गोप्य सिलबन्दी दरभाउ-पत्र दाखिला गर्नुहुन यो सूचना आव्हान गरिएको छ। सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्नका लागि आपूर्तिकर्ताले प्यान/मु.अ.क. प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी आफ्नो फर्म/संस्था/ कम्पनीको लेटरप्याडमा निवेदन पेश गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र सम्बन्धी जानकारी निम्नानुसार रहेको छ।

| | |
|---|---|
| सिलबन्दी बोलपत्र आव्हान मितिः | २०७७/०५/२९ |
| सिलबन्दी दरभाउपत्र फाराम उपलब्ध हुने स्थान र मितिः | **श्री धार्चे गाउँपालिकाको कार्यालय, माछीखोला, गोरखा**<br>सम्पर्क व्यक्तिः भरत लुइटेल, फो. नं. ९८४९२०३२७७ वा<br>**सप्रोस नेपालको कार्यालय, गजुरी, धादिङ्ग।**<br>मितिः **२०७७/०५/२९ देखि २०७७/०६/०४ सम्म मात्र**<br>समयः बिहान ११ बजे देखि ४ बजे भित्र |
| सिलबन्दी दरभाउपत्र बुझाउने स्थान, अन्तिम मिति र समयः | **श्री धार्चे गाउँपालिको कार्यालय,माछीखोला**<br>सम्पर्क व्यक्तिः भरत लुइटेल फो. नं. ९८४९२०३२७७ वा<br>सप्रोस नेपालको कार्यालय गजुरी, धादिङ्ग। फोन नं. ९८२३०१२४५२<br>मिति **२०७७/०५/३१ देखि २०७७/०६/०५ सम्म**<br>समयः दिनको ३ बजे सम्म *(सो दिन सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट तथा सोही समयभित्र)* |
| दरभाउपत्र खोल्ने स्थान तथा समय | सप्रोस नेपालमा गठन गरिएको स्थानीय खरिद समितिका सदस्यहरुको उपस्थिति तथा रोहबरमा सप्रोस नेपालको क्षेत्रीय कार्यालयमा, दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति पछिको ७ (सात) कार्य दिन भित्र खोलिनेछ। |
| सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर | निःशुल्क |
| सिलबन्दी दरभाउपत्र आव्हान गर्ने संस्थाको नाम र सम्पर्क ठेगाना | **सप्रोस नेपाल**<br>क्षेत्रीय कार्यालय, गजुरी (प्रहरी चेकपोष्ट नजिक), धादिङ्ग<br>फोन नं. ९८२३०१२४५२,<br>ईमेलःscp.procurement@gmail.com |

तपसिलः

| खरिद लट | निर्माण सामाग्रीको बिवरण | एकाई | आवश्यक परिमाण | लट संख्या (Procurement Lot No.) |
|---|---|---|---|---|
| १ | बालुवा | घ.मी | २८८ | 2020/SCP/SUBS-SAN/LOT-021 |

**दरभाउपत्र सम्बन्धी सक्षिप्त विवरण तथा निर्देशनहरु निम्नानुसार रहेका छन्:**

- दरभाउपत्र सप्रोस नेपालले तोकेको ढाँचामा नै पेश गर्नुपर्ने छ।
- दरभाउपत्रपेश गर्दा गोप्य सिलबन्दी पेश गर्नुपर्ने छ।
- दरभाउपत्रको प्रत्येक पानामा बोलपत्रदताको सही तथा छाप हुनुपर्नेछ।
- कुनै सर्त राखी पेश गरेको, सूचनाको सर्त विपरित भएको, कार्यालयबाट उपलब्ध दरभाउपत्रमा कुनै थपघट गरिएको, रित नपुगेको म्याद नाघि पेश भएको दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन ।
- एक फर्म, कम्पनी तथा सप्लायर्सको नाममा जारी गरिएको दरभाउपत्र अर्को व्यक्ति, फर्म तथा कम्पनीको नाममा दाखिला गर्न पाइने छैन।
- दरभाउपत्र दाताहरुलाई आफ्नो दरभाउपत्र दाखिला गर्नु भन्दा अगावै योजनास्थलको निरीक्षण गर्नको लागि सुझाव दिइएको छ।
- दरभाउपत्रका साथ पेश गर्नु पर्ने न्यूनतम आवश्यक कागज पत्रहरु निम्नानुसार रहेका छन्:
  - नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र; प्यान वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र; डिलरसिपको प्रमाण पत्र; पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र र कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ।
- दरभाउपत्र सम्बन्धि अन्य सम्पूर्ण विवरणहरु फाराममा उल्लेख गरिएको छ।
- कुनैपनि कारण जनाई वा नजनाई, पूर्ण वा आंशिक रूपमा प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

***